# महान्यायाधिवक्ताको कार्यालय

## नेपाल

(........कर्मचारी प्रशासन.......... शाखा)

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :- १४६३

रामशाहपथ, काठमाडौं

मिति :- २०८२/१०/१८

ने.सं. ११४६ सिल्लाथ्वः १५

विषयः परिपत्र।

उच्च सरकारी वकील कार्यालय(सबै)
विशेष सरकारी वकील कार्यालय, काठमाण्डौ।
जिल्ला सरकारी वकील कार्यालय(सबै)

सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ७ब. बमोजिम अर्थ मन्त्रीज्यूको अध्यक्षतामा रहेको निर्देशक समितिको मिति २०८२/०९/०७ को बैठकको निर्णय बमोजिम सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरण कसूरको अनुसन्धान र अभियोजनको विषयमा देहाय अनुसार यो परिपत्र गरिएको छ। सो अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ।

देहायः

१. सबै निकायले फौजदारी कसूरको अनुसन्धानको सिलसिलामा नियन्त्रणमा लिएको वा रोक्का गरेको सम्पत्ति वा उपकरणको विवरण यसैसाथ संलग्न ढाँचामा समेत अभिलेख राख्ने व्यवस्था गर्ने र सो सम्बन्धमा कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागसँग आवश्यक समन्वय र सहजीकरण गर्ने।

२. सम्बद्ध कसूरको अनुसन्धान गर्दा उच्च जोखिममा देखिएका सम्बद्ध कसूरहरू जस्तैः राजस्व छली, हुण्डी, क्रिप्टो, विद्युतीय अपराध, लागूऔषध कारोबार, भर्च्युवल सम्पत्ति, मानव तस्करी, बैङ्किङ्/सहकारी सम्बन्धी कसूर, वन तथा वन्यजन्तु, जडिबुटी, गिट्टी बालुवा लगायत वातावरण सम्बन्धी कसूर र उच्च आपराधिक आर्जन भएका कसूरको अनुसन्धानमा सम्पत्ति शुद्धीकरणको पहिचान हुने गरी समानान्तर अनुसन्धान र अभियोजनलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्ने, सबै अनुसन्धानकारी निकायसँग आवश्यक समन्वय गर्ने।

३. अभियोजन निकायबाट सम्बद्ध कसूर र सम्पत्ति शुद्धीकरणको मुद्दाको अभियोजन भएकोमा उक्त मुद्दाको फाँटवारी तथा विवरण छुट्टै तयार गरी हरेक महिनाको सात गते भित्र जिल्ला सरकारी वकिल कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा र उच्च सरकारी वकिल कार्यालयमा तथा उच्च सरकारी वकिल कार्यालय र विशेष सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा पठाउने। सो सम्बन्धी ढाँचा यसै साथ संलग्न रहेको छ।

(विश्वास तिमिल्सिना)
सहायक न्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np

## उच्च /विशेष /जिल्ला सरकारी वकिल कार्यालय ............

### सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको मुद्दा दायरी विवरण

| क. स. | मुद्दा नं. (अदालत) | CMS नं. | जाहेरवाला/ उजुरवाला | अभियोग मागदावी | | | | | | मुद्दा दायर मिति | फैसला | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | कसूर कायम | | | | सफाइ (प्रतिवादीको संख्या) | | |
| | | | | सम्बद्ध कसूर | सम्पत्ति शुद्धीकरण | प्रतिवादी संख्या (सम्बद्ध कसूर तर्फ) | प्रतिवादी संख्या (सम्पत्ति शुद्धीकरण तर्फ) | बिगो | जफतको मागदावीको विवरण | | प्रतिवादी संख्या (सम्बद्ध कसूर तर्फ) | प्रतिवादी संख्या (सम्पत्ति शुद्धीकरण तर्फ) | बिगो | जफतको विवरण | सम्बद्ध कसूर | सम्पत्ति शुद्धीकरण | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

कार्यालयको छाप

महान्यायाधिवक्ताको कार्यालय नेपाल

<u>तयार गर्नेको</u>

दस्तखत:-

नाम थर:

पद:

<u>प्रमाणित गर्नेको नाम:</u>

दस्तखत:-

नाम थर:

पद: